# निर्वाचन आयोग, नेपाल
# ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

मिति : २०७४/१/६

निर्वाचन आयोग नेपाल २०२३

**प्रेस विज्ञप्ति**

निर्वाचन आयोगको मिति २०७४/१/६ गते बसेको बैठकले राष्ट्रिय प्रजातन्त्र पार्टीले यसअघि आयोग समक्ष पेश गरेको ज्ञापनपत्रको सम्बन्धमा हाल निर्वाचन आयोग स्थानीय तह निर्वाचनको तयारीको सम्बन्धमा निकै व्यस्त भएको हुँदा उक्त दलबाट पटक-पटक माग भएको विषयलाई हाल थाँती राख्ने र स्थानीय तह निर्वाचन सम्पन्न भएपछि मात्र आयोगले निर्णय गर्ने जनाएको छ ।

निर्णयको व्यहोरा यस प्रकार छ -

"राष्ट्रिय प्रजातन्त्र पार्टीको मिति २०७३।१२।७ को ज्ञापनपत्र यस आयोगमा प्राप्त भई ज्ञापनपत्रमा आयोगबाट मिति २०७३।१२।२ मा पार्टीको विधान परिवर्तन गर्ने गरी भएको निर्णय पुनर्विचार गर्न माग गरिएको विषयमा आयोगमा छलफल भइरहेको जानकारी मिति २०७३।१२।२२ मा गराई सकिएको छ । पुनः मिति २०७४।१।३ मा प्राप्त उक्त पार्टीको पत्रमा पूर्व माग भई आएको विषयमा थप स्पष्टता हुनुपर्ने व्यहोरा उल्लेख भई आएकोमा त्यसप्रति आयोगको ध्यानाकर्षण भएको र स्थानीय तह निर्वाचनको मिति नजिकै आइसकेको र निर्वाचन व्यवस्थापनमा आयोग निकै व्यस्त भएको हुँदा सो मितिमा आयोगबाट भएको निर्णयलाई पुनर्विचार गरिदिन भनी उक्त दलबाट पटक-पटक माग भएको विषयलाई हाल थाँती राख्ने र स्थानीय तह निर्वाचन सम्पन्न भएपछि मात्र आयोगले निर्णय गर्ने व्यहोराको जानकारी सम्बन्धित दललाई दिने ।"

(सूर्य प्रसाद शर्मा)
सहसचिव एवं प्रवक्ता




कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं. (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-Mail: info@election.gov.np, Website: www.election.gov.np